Regd. No.: 114473/059/060
PAN No.: 301442912

# Api Power Company Limited
# अपि पावर कम्पनी लिमिटेड

च.नं. : १६१, २०८१/०८२

मिति: २०८१/०५/३०

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवार, काठमाडौं ।

**विषय: २१ औं वार्षिक साधारण सभा प्रयोजनका लागि शेयर दर्ता किताब बन्द रहने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा अपि पावर कम्पनी लिमिटेडको मिति २०८१/०५/३० गते आईतबार, अपरान्ह ४:०० बजे बसेको संचालक समितिको बैठक, आ.व. २०८१/०८२, संख्या ६ को निर्णयानुसार कम्पनीको आ.व. २०८०/०८१ को २१औं वार्षिक साधारण सभा मिति २०८१ साल कार्तिक १ गते विहिबार (17th October, 2024) विहान ११:०० बजेबाट देहाय विषयहरुमा छलफल गरी निर्णय गर्न सभा संचालन हुनेहुँदा वार्षिक साधारण सभा प्रयोजनका लागि कम्पनीको मिति २०८१ साल असोज १६ गते एक दिनका लागि शेयरको दर्ता किताब बन्द (Book Close) रहने जानकारी अनुरोध छ ।

**२१औं वार्षिक साधारण सभा हुने मिति, स्थान र समय**

| | |
|---|---|
| मिति : | २०८१ साल कार्तिक १ गते बिहीबार (Thursday, October 17, 2024) |
| स्थान : | होटल क्रिष्टल पशुपति, गौशाला, काठमाडौं (Hotel Crystal Pashupati, Gaushala) |
| समय : | बिहान ११:०० बजे देखि (11:00 A.M Onwards) |

**२१औं वार्षिक साधारण सभाका छलफलका बिषयहरु :**

**क) सामान्य प्रस्ताव**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।

२) लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।

३) कम्पनीको आर्थिक बर्ष २०८०/०८१ को खुद मुनाफाबाट कर प्रयोजनको लागि ०.४७३७ प्रतिशत नगद लाभांस वितरण गर्ने सम्बन्धमा ।

४) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व २०८१/०८२ का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (यस कम्पनीको बाह्य लेखापरिक्षक श्री शिशिर बि एण्ड एसोसियट्स आगामी आर्थिक वर्षको लागि पुन: लेखापरिक्षण गर्न योग्य हुनुहुन्छ ।)

**ख) विशेष प्रस्ताव**

१) कम्पनीको आर्थिक बर्ष २०८०/०८१ को खुद मुनाफाबाट ९ प्रतिशतका दरले बोनस शेयर वितरण गर्ने सम्बन्धमा ।

२) कम्पनीले संचालन तथा विकास गरिरहेको आयोजनाहरुको लागि बैंक तथा वित्तिय संस्थाबाट लिने आवश्यक कर्जा कम्पनी ऐनको दफा १०५ (ख) अनुरुप तोकिएको सिमा भन्दा बढी रहेकोहुँदा कर्जा अनुमोदन गर्ने तथा आयोजनाहरु निर्माणको लागि थप आवश्यक कर्जा लिन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

३) कम्पनीको नियमनकारी निकाय विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियामक निकायहरुमा कम्पनी अद्यावधिक गर्दा तथा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन आवश्यक भएमा आवश्यक कार्य गर्न कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

४) अपि पावर कम्पनी लिमिटेडको सहायक कम्पनी श्री अपि इन्फ्रा लिमिटेड कम्पनीमा १०० प्रतिशत शेयर स्वामित्व रहने गरी लगानी गर्ने सम्बन्धमा ।

५) अपि पावर कम्पनी लिमिटेडले बहुमत शेयर स्वामित्व रहने गरी श्री लटिनाथ पावर कम्पनी लिमिटेड कम्पनीमा लगानी गरी न्वागाड साना जलविद्युत आयोजना (९.७ मे.वा.) निर्माण गर्ने सम्बन्धमा ।

६) अपि पावर कम्पनी लिमिटेडले श्री दार्चुला पावर कम्पनी लिमिटेड कम्पनीमा लगानी गरी मध्य चमेलिया जलविद्युत आयोजना (२८.३ मे.वा.) निर्माण गर्ने सम्बन्धमा ।

७) अपि पावर कम्पनी लिमिटेडको बहुमत शेयर स्वामित्व रहेको श्री सुर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड कम्पनीमा लगानी गरि माथिल्लो तादी खोला जलविद्युत आयोजना (११ मे.वा.) को निर्माण अन्तिम चरणमा भईरहेकोले उक्त लगानीलाई अनुमोदन गर्ने सम्बन्धमा ।

८) कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम कम्पनीका शेरधनीहरुबाट १ महिला तथा १ स्वतन्त्र समेत गरि ५ जना संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

**ग) विविध ।**

भवदीय,

सुजन अधिकारी
कम्पनी सचिव

**बोधार्थ:**
श्री नेपाल धितोपत्र बोर्ड ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड ।
श्री विद्युत नियमन आयोग ।
श्री विद्युत विकास विभाग ।